प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंड, मकवानपुर

नेपाल

## तालिम कार्यक्रमको सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति (२०८०/०१/१०)

यस कार्यालयबाट बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार सीपविकास सम्बन्धी निम्न विषयका तालिमहरु बागमती प्रदेश भित्रका १३ वटै जिल्लाहरुमा संचालन गर्नुपर्ने भएकोले यस कार्यालयबाट चालु आ.व.को लागि मौजुदा सूचीमा रहेका वा अन्य तालिम प्रदायक संस्थामध्ये कम्तिमा ७ बर्षको कार्य अनुभव सहित कम्तिमा  पाँच हजार जनालाई तालिम प्रदान गरेको प्रमाणित प्रतिलिपि समावेश गरी संस्थाहरुले यस कार्यालयको website:www.ctevtbagmati.org.np मा वा कार्यालयबाट नि:शुल्क प्राप्त हुने प्राविधिक तथा आर्थिक प्रस्ताव (RFP) छुट्टाछुट्टै खाममा स्पष्ट लेखी सिलबन्दी गरी दुवै प्रस्ताव अर्को खाममा सिलबन्दी गरी सूचना प्रकाशित भएको मितिले १६ औ दिन (२०८०/०१/२५ गते) को १२:०० बजे भित्र रितपूर्वक पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

निर्देशक

### तालिम संचालन हुने विषयहरु

| क्र.स. | क्षेत्र | व्यवसाय | तालिम अवधि | कुल संख्या जना | बजेट रु. हजारमा (मू.अ.कर सहित ) | स्थान |
|---|---|---|---|---|---|---|
| १. | कृषि | सामुदायिक कृषि कार्यकर्ता | १६० घण्टा | २४० | ४६८०.०० | बागमती प्रदेशका १३ वटै जिल्लाहरु भित्र, प्रस्तावना फाराममा उल्लेख भए अनुसार |
| | | सामुदायिक पशु स्वास्थ्य कार्यकर्ता | १६० घण्टा | २४० | ४६८०.०० | |
| २. | सेवा | सुरक्षा गार्ड | १६० घण्टा | २८० | ५६१०.०० | |
| | | एडभान्स ब्युटि पार्लर | १६० घण्टा | २०० | ५१४६.०० | |
| | | जुनियर ब्युटिसियन | १६० घण्टा | १६० | ३८२०.०० | |
| | | केयर गिभर | १६० घण्टा | १०० | २१०२.०० | |
| ३. | होटल तथा पर्यटन | कुक | १६० घण्टा | १६० | ३५७२.०० | |
| | | वेटर/वेट्रेस | १६० घण्टा | १०० | १९५०.०० | |
| | | बारिस्ता | १६० घण्टा | २२० | ४९११.०० | |
| | | होम स्टे | १५ दिन | ४० | ७११.०० | |
| | | हाउस किपिङ्ग | १६० घण्टा | १०० | १९५०.०० | |
| ४. | खाद्य सामग्री प्रसोधन | बेकरी | १६० घण्टा | १६० | ३५००.०० | |
| ५. | निर्माण | प्लम्बर | १६० घण्टा | ६० | १३३५.०० | |
| | | जुनियर इलेक्ट्रिसियन | १६० घण्टा | १२० | २६४०.०० | |
| | | अल्मुनियम फेब्रीकेटर | १६० घण्टा | १२० | २६४०.०० | |
| | | जुनियर हाउस पेन्टर | १६० घण्टा | ६० | १२३७.०० | |
| **जम्मा** | | | | **२३६०** | | |

तालिम संचालन गर्न इच्छुक निजी संघ/संस्था/फर्म वा कम्पनीहरुले पालना गर्नुपर्ने सर्तहरु:

१. प्रस्ताव फाराम यो सूचना प्रकाशन भएको मितिले १५ औ दिनको ५:०० बजे भित्र प्रस्ताव प्राप्त गर्नको लागि अद्यावधिक गरिएको इजाजत पत्र, मू.अ.कर दर्ताको प्रमाणपत्र, आ.व.२०७९/०८०को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र अयोग्य नभएको स्व:घोषणपत्र अनिवार्य रुपमा पेश गरी प्राविधिक र आर्थिक प्रस्ताव लैजानु पर्ने छ। उक्त प्रस्तावहरु १६ औ दिनेको १२:०० बजे भित्र दर्ता गरी सोहि दिनको ३:०० बजे प्राप्त प्रस्तावहरु मध्ये प्राविधिक प्रस्ताव खोलिने छ।

२. प्रस्ताव दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन सोहि समयमा सो कार्य गरिने छ।

३. प्राविधिक प्रस्ताव फाराम पेश गरिने कागजातहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गरिएको हुने पर्ने छ।

४. प्राविधिक प्रस्तावहरुको मुल्यांकनबाट छनौट भएका तालिम प्रदायकहरुको मात्र आर्थिक प्रस्तावहरु निजहरुको प्रतिनिधि तथा यस कार्यालको प्रतिनिधिको रोहोवरमा खोलिने छ। तालिम प्रदायक वा निजको को प्रतिनिधि सो समयमा अनुपस्थित रहेमा पनि प्रस्तावहरु खोल्न वाधा पर्ने छैन।

५. रित नपुगेका वा म्याद भित्र दर्ता नभएका वा कुनै प्रकारका सर्तहरु भएका प्रस्ताव उपर कुनै कार्यबाही गरिने छैन।

६. आर्थिक प्रस्तावहरुमा दररेट अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ। अङ्क र अक्षरमा फरक भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ।

७. प्रस्तावनामा उल्लेख भएका कुराहरु “ सीपमूलक तालिम कार्यक्रम संचालन कार्यविधि २०७९” बमोजिम र अन्य थप कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र खरिद नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुने छ।

८. प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

**अन्य थप जानकारीको लागि कार्यालयको फोन नं ०५७-५२४९९१, ५२२१६९  मा कार्यालय समय भित्र सम्पर्क गर्न सक्नु हुनेछ।**